# सम्पादकीय

नव वर्ष २०६२ को हार्दिक मंगलमय शुभकामना !!!

हाम्रो वन सम्पदाको सातौं अङ्क तपाईको हातमा पुऱ्याउन पाउँदा हामीलाई खुशी लागेको छ । वन तथा वातावरण व्यवस्थापनका साथै गरिबी न्यूनिकरणका क्षेत्रमा लागि परेका सहजकर्ता, कार्यकर्ता, स्थानीय जनता तथा नीति निर्माताहरुलाई समेत यो पत्रिका उपयोगी भइरहेको जानकारी हामी समक्ष आइरहेकाले हामीलाई अझै उत्साह बढेको छ । पत्रिका प्रकाशनका अनुभवहरु खासगरी लेखरचना सङ्कलन गर्न तथा गुणस्तरीय प्रकाशन व्यवस्था मिलाउन लाग्ने समय, जनशक्ति र आर्थिक स्रोत समेतलाई मध्य नजर गर्दै हालसम्म चौमासिक रुपमा प्रकाशित यो पत्रिकालाई यसै अङ्क देखि अर्धवार्षिक बनाउने निधो गरेका छौं । आशा छ यहाँहरुले यस कुरालाई सहज रुपमा स्वीकार गर्नुहुनेछ ।

ग्रामीण क्षेत्रका गरिब समुदायको स्वास्थ्य उपचार र जीविकोपार्जनका लागि प्राचिनकाल देखि नै जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावारको महत्व रही आएको छ । हाम्रो देशमा मानिसलाई चाहिने खाद्य पदार्थ, लुगाफाटो, औषधी लगाएत थुप्रै चीजबीजहरु आफ्नो कृषि क्षेत्र र वरिपरि रहेको वन भित्रबाट आपुर्ति भइरहेको स्थिति छ । यति हुँदाहुँदै पनि नेपालमा वनको व्यवस्थापन गर्दा संरक्षण र काठ, दाउरा, घाँस तथा सोत्तर उत्पादनमा मात्र प्राथमिकता दिइ गर्ने गरेको पाइन्छ भने गैह्रकाष्ठ वन पैदावारको व्यवस्थापनलाई कमै मात्र ध्यान दिएको पाइन्छ । यसो हुनुमा वन व्यवस्थापकहरुमा गैह्रकाष्ठ वन पैदावार व्यवस्थापन, विकास, प्रसोधन, उपयोग तथा बजारीकरण गर्ने जानकारी, ज्ञान तथा सीप कम हुनुका साथै काठलाई मात्र मुख्य वन पैदावारको रुपमा स्वीकार्नु र यसबाट मात्रै धेरै आम्दानी लिन सकिन्छ भन्ने बुझाइ रहनु हो । हाल देशका अधिकांश क्षेत्रमा सामुदायिक वन विकास कार्यक्रम लागू भएतापनि स्थानीय रुपमा प्रतिष्ठीत, धनी वर्ग तथा जान्ने बुझ्ने व्यक्तिहरु नै वन व्यवस्थापन समितिमा बस्ने र निर्णयमा पनि उनीहरुकै वर्चस्व कायम हुदै आएकोले जीविकोपार्जनका लागि जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावारमा आधारित गरिब समुदाय यसको व्यवस्थापनमा प्रत्यक्ष रुपमा संलग्न हुने अवस्था कम भएको छ । यसको अतिरिक्त उनीहरुको आवाज वन व्यवस्थापनका सम्बन्धित पक्षहरुसम्म नपुग्नुले पनि यस क्षेत्रको विकास प्राथमिकताको क्रममा पछाडि परेको छ ।

विगत केही वर्षयता स्थानीय जनताको जीविकोपार्जन, राष्ट्रिय अर्थतन्त्र र जैविक विविधता संरक्षणमा जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावारको महत्वलाई महशुस गरी सरकारी तथा गैह्र सरकारी क्षेत्रहरुले यस सम्बन्धमा विभिन्न प्रयासहरु गर्दै आएका छन् । समय-समयमा गरिएका परीक्षण, अभ्यास तथा अध्ययन अनुसन्धानहरु मार्फत विभिन्न सङ्घ संस्था तथा व्यक्तिहरुले गैह्रकाष्ठ वन पैदावारको उचित व्यवस्थापन, विकास, प्रसोधन तथा बजारीकरणबाट ग्रामीण भेगका गरिबहरुको जीविकोपार्जनमा राम्रो टेवा दिनुका साथै वन व्यवस्थापनमा समेत उनीहरुको सम्लग्नता बढाउन सकिने कुरा स्पष्ट पारेका छन् । हालै श्री ५ को सरकारले यस क्षेत्रको संस्थागत, सङ्गठित तथा योजनावद्ध विकासका लागि जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावार विकास नीति, २०६१ निर्माण गरी लागू गरको छ । यस नीति निर्माणले जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावारको विकासमा लागि परेका सङ्घ संस्था, व्यक्ति तथा समुदायहरुको चासो अझ बढ्न जाने देखिन्छ । यसै सन्दर्भमा जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावार सम्बन्धी छरिएर रहेका ज्ञान, सीप तथा जानकारीहरुलाई एकत्रित गर्ने तथा विभिन्न सङ्घ संस्था तथा व्यक्तिका अनुभवहरुलाई आदान-प्रदान गर्ने/गराउने उद्देश्य लिई हामीले यस अङ्कलाई जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावार विशेषाङ्कको रुपमा प्रस्तुत गरेका छौं ।

यो अङ्कमा विभिन्न सङ्घ संस्थामा काम गर्दै आएका व्यक्ति तथा सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरुका ज्ञान, सीप, अनुभव तथा विचारहरु समेटिएका विभिन्न लेख तथा रचनाहरुलाई यथोस्थान दिने प्रयास गरेका छौं । यसमा समावेश गरिएका लेख रचनाहरु खास गरी जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावारको व्यवस्थापन, बजारीकरण, उद्यम सञ्चालन, नीतिगत व्यवस्था, नयाँ प्रविधी प्रयोग आदि विषयहरुमा केन्द्रित रहेका छन् । हाम्रो वन सम्पदाको यो अङ्क जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावारको व्यवस्थापनका सन्दर्भमा यहाँहरुका केही जिज्ञासा मेट्न तथा नयाँ जिज्ञासा जन्माउन सफल हुनेछ भन्ने अपेक्षा गरेका छौं ।

अन्त्यमा आफ्ना अमूल्य रचना, बिचार, सल्लाह र सुझावहरु दिइ यस पत्रिकाको निरन्तरताका लागि सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सहयोगी मित्रहरुलाई धन्यवाद दिंदै आगामी अङ्कहरुमा पनि यहाँहरुको योगदान पाउने विश्वास गर्दछौं ।